# इलाम नगरपालिका
## स्थानीय राजपत्र

**खण्ड : ७** **सङ्ख्या : ११** **मिति : २०८०/९/२९**


**भाग-२**

इलाम नगरपालिकाको कार्यपालिका बैठकबाट पारित **टोल विकास संस्था गठन तथा परिचालन (पहिलो संशोधन) कार्यविधि, २०८०** सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### इलाम नगरपालिका
### टोल विकास संस्था गठन तथा परिचालन (पहिलो संशोधन) कार्यविधि, २०८०

**कार्यपालिकाबाट स्वीकृत मिति : २०८०/९/२९**
**प्रमाणीकरण मिति : २०८०/९/२९**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी इलाम नगरपालिकाको कार्यपालिकाबाट मिति २०७९/११/२९ मा स्वीकृत टोल विकास संस्था (गठन तथा परिचालन) कार्यविधि, २०७९ कार्यान्वयन भइरहेको सन्दर्भमा सो कार्यविधिलाई थप व्यवस्थित गर्नका लागि निम्नानुसार संशोधन गर्न बाञ्छनीय भएकोले **टोल विकास संस्था गठन तथा परिचालन (पहिलो संशोधन) कार्यविधि २०८०** नगर कार्यपालिकाको मिति २०८०/९/२९ को निर्णयबाट जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस कार्यविधिको नाम टोल विकास संस्था गठन तथा परिचालन (पहिलो संशोधन) कार्यविधि, २०८० रहेको छ ।
(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. अनुसूची-२ (दर्ता/सूचीकरणको निवेदन) अनुसूची-३ (प्रमाणपत्र) थप गर्ने

**अनुसूची- २**

श्रीमान् वडा सचिवज्यू
इलाम नगरपालिका मिति : २०८..../..../....
नं. वडा कार्यालय, , इलाम ।

विषय:- टोल विकास संस्था दर्ता/सूचिकृत गरिदिने सम्बन्धमा ।

उपर्युक्त सम्बन्धमा यस नगरपालिकाको वडा नं. ..... स्थित ......................................... टोलमा गठन गरिएको .........................................टोल विकास संस्थालाई दर्ता/सूचिकृत गरिदिनु हुन निम्नानुसारका विवरण सहित अनुरोध गर्दछु । यस ............................................ टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्लाभित्र सीमित रहनेछ ।

संलग्न :-
क) टोल विकास संस्थाको विधान ।
ख) टोल भेलाको उपस्थिति र निर्णयको प्रतिलिपि ।
ग) कार्य समिति सदस्यहरुको नाम, थर ।

चारकिल्ला :-
पुर्व सिमाना .....................................................................
पश्चिम सिमाना...................................................................
उत्तर सिमाना......................................................................
दक्षिण सिमाना ..................................................................
हालको जम्मा घरधुरी संख्या ..............

समितिको तर्फबाट :-
अध्यक्षको नाम थर ....................................
सम्पर्क नं. ..................................
टोल विकास संस्थाको नाम ...............................................
ठेगाना .....................................

**अनुसूची-३**

"समुन्नत इलाम सम्पन्न इलामेली "

इलाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
........ वडा कार्यालय, .........................................., इलाम

प्रमाण-पत्र

इलाम नगरपालिका वडा नं. ....... स्थित ............................. मा गठन भएको .................................. टोल विकास सस्थालाई यस कार्यालयमा मिति २०८..../..../.... मा सूचिकृत/ दर्ता गरि यो प्रमाण-पत्र प्रदान गरिएको छ । इलाम नगरपालिकाको आर्थिक, सामाजिक, साँस्कृतिक तथा भौतिक पूर्वाधार विकास र सुशासन कायम गर्ने क्षेत्रमा यस टोल विकास संस्थाको सक्रिय सहभागिताको अपेक्षा गर्दछु ।

.........................
वडा सचिव

**आज्ञाले**
गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत